# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०८०।०७।१९ गते।

# प्रेस विज्ञप्ति

## विषय: आरोपपत्र दायर गरिएको।

प्रदेश भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय, साविक प्रदेश नं. ५ हाल लुम्बिनी प्रदेशबाट कृषि यान्त्रिकीकरण कार्यक्रम अन्तर्गत आ.व. २०७५।०७६ मा विभिन्न कृषि समूह/सहकारी/संस्थामार्फत किसानहरुलाई कृषि यन्त्र आपूर्ति गर्न स्वीकृति प्राप्त आपूर्तिकर्ता आधुनिक कृषि किसान संसार प्रा.लि. भरतपुर, चितवनले किसानलाई इन्डियन कम्पनीको यन्त्र उपकरण उपलब्ध गराउने भनी फारम भराई रकम लिएको र अनुदानमा वितरण भएको मिनिटिलर तथा अन्य यन्त्र उपकरण वितरणको क्रममा कृषकलाई स्पेसिफिकेसन र सम्झौता विपरीत कम क्षमता र गुणस्तरको कृषि यान्त्रिक उपकरण वितरण गरेको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा **तत्कालीन प्रदेश सचिव बैकुण्ठ अधिकारी**ले सम्झौता बमोजिम खरिद सम्बन्धी सम्पूर्ण कागजात अध्ययन र स्थलगत अनुगमनसमेत नगरी/नगराई भुक्तानी सम्बन्धी टिप्पणी सदर गरी सम्झौता बमोजिम गुणस्तर र ब्राण्डको वितरण गर्नुपर्ने यन्त्र उपकरणभन्दा कम गुणस्तरको र फरक ब्राण्डको मिनिटिलर खरिद र आपूर्तिकर्तालाई भुक्तानी गरी प्रदेश सरकारलाई रु.१,३१,६०,०००।- बदनियतपूर्वक हानि पुऱ्याई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ञ) बमोजिमको कसुर गरेको देखिँदा निजलाई सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम बिगो रु.१,३१,६०,०००।- (एक करोड एकतीस लाख साठी हजार रुपैयाँ) कायम गरी कैद र जरिवाना हुन साथै हानिनोक्सानी पुऱ्याएको बिगो असुल हुनसमेत मागदाबी लिइएको छ।

**तत्कालीन भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका महाशाखा प्रमुख श्रीधर ज्ञवाली**ले सम्झौता बमोजिम खरिद सम्बन्धी कागजातहरु संलग्न भए/नभएको एवं सम्झौता बमोजिम गुणस्तर र ब्राण्डको यन्त्र उपकरण रहे/नरहेको अध्ययन नगरी सम्झौतामा उल्लेख भएबमोजिम गुणस्तर र ब्राण्डभन्दा कम गुणस्तर र फरक ब्राण्डको यन्त्र उपकरण आपूर्तिकर्तालाई भुक्तानीको लागि टिप्पणी सिफारिस गरी प्रदेश सरकारलाई रु.१,३१,६०,०००।- बदनियतपूर्वक हानि पुऱ्याई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ञ) बमोजिमको कसुर गरेको देखिँदा निजलाई सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम बिगो रु.१,३१,६०,०००।- (एक करोड एकतीस लाख साठी हजार रुपैयाँ) कायम गरी कैद र जरिवाना हुन साथै हानिनोक्सानी पुऱ्याएको बिगो असुल हुनसमेत मागदाबी लिइएको छ।

**कृषि प्रसार अधिकृत मुकेश राम्जाली नेपाली**ले सम्झौता बमोजिम खरिद सम्बन्धी कागजातहरु संलग्न भए नभएको एवं सम्झौता बमोजिम गुणस्तर र ब्राण्डको यन्त्र उपकरण रहे/नरहेको अध्ययन नै नगरी फरक ब्राण्ड र कम गुणस्तरको यन्त्र उपकरण आपूर्तिकर्ताले पेश गरेको कागजात जस्ताको तस्तै भुक्तानीको लागि टिप्पणी पेश गरी प्रदेश सरकारलाई रु.१,३१,६०,०००।- बदनियतपूर्वक हानि पुऱ्याई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ञ) बमोजिमको कसुर गरेको देखिँदा निजलाई सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम बिगो रु.१,३१,६०,०००।- (एक करोड एकतीस लाख साठी हजार रुपैयाँ) कायम गरी कैद र जरिवाना हुन साथै हानिनोक्सानी पुऱ्याएको बिगो असुल हुनसमेत मागदाबी लिइएको छ।

**आधुनिक कृषि किसान संसार र सो संस्थाका प्रबन्ध निर्देशक राजाराम तिवारी**ले सम्झौतामा उल्लेख भएबमोजिम गुणस्तर र ब्राण्डको वितरण गर्नुपर्ने मिनिटिलर खरिद नगरी कम गुणस्तर र ब्रान्डको मिनिटिलर वितरण गरी, सम्झौता बमोजिम नै मिनिटिलर खरिद र वितरण गरेको भनी भुक्तानी माग गरी प्रदेश सरकारलाई बदनियतपूर्वक रु.१,३१,६०,०००।- हानि पुऱ्याई भुक्तानी लिएको देखिँदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसुरमा सोही ऐनको सोही दफा ८ को उपदफा (४) बमोजिम विगो रु.१,३१,६०,०००।- (एक करोड एकतिस लाख साठी हजार रुपैयाँ) कायम गरी सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

सहायक प्रवक्ता
देवी प्रसाद थपलिया